# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली
## ७ न. प्रदेश,नेपाल

प.स.०७५।०७६
च.नं.

मिति २०७५।४।३

धनगढी उपमहानगरपालिकाको व्यवसायकर बुझाउने सम्बन्धि सुचना

उपर्युक्त सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा नगरपालिकाको बित्तीय अधिकार क्षेत्रको व्यवस्था भए वमोजिम यस कार्यालयमा आफ्नो व्यवसाय दर्ता गरि गत विगत बर्ष देखिको व्यवसायकर बुझाउनु बांकी भएका र दर्ता नगरिएका व्यवसायीहरूले यहि २०७५।५।३० गते भित्र व्यवसायकर तथा अन्य बांकी वक्यौता बुझाउन अनुरोध गरिन्छ । सो म्याद भित्र नबुझाएमा प्रचलित कानुन बमोजिम कारवाही अघि बढ्ने र कर नबुझाउनेको नाम स्थानीय पत्रिकामा प्रकासित हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना जारी गरिएको छ ।

पुनश्च: व्यवसाय दर्ता गरेका तर व्यवसाय गर्न छोडी सकेका व्यवसायीहरूले आफ्नो व्यवसायको लगत कट्टा गर्न यस कार्यालयमा आउनु हुन समेत जानकारी गराइन्छ ।

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner

# धनगढी उप महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली
## ७ नं. प्रदेश,नेपाल

प.स.०७५।०७६
च.नं. १८

मिति २०७५।४।३

श्री वडा अध्यक्ष ज्यू
धनगढी उपमहानगरपालिका वडा न.

बिषय: व्यवसाय कर सम्वन्धमा ।

यस नगरपालिका क्षेत्रभित्रका व्यापारीहरूले नगरपालिकामा आफनो व्यवसाय कर नवुझाउने व्यापारी हरू बाट तोकिए वमोजिमको वाकी वक्यौता रकम संकलन गर्नका साथै नगरपालिकामा व्यवसाय दर्त्ता नगराएका व्यापारी हरू लाई व्यवसाय दर्त्ता गर्न लगाई कर को दायरा भित्र पार्ने गरी स्थलगतमा नै इजाजत पत्र दर्ता तथा नविकरण समेत गर्न र बहाल करको लगत संकलन गरी घर बहाल कर तिर्न लगाउन सम्बनिधत वडा समितिको सदस्यको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गर्ने सम्वन्धमा निर्णय भए उक्त निर्णय कार्यान्वयनका लागि यसै पत्र मार्फत अनुरोध छ ।

नोट: व्यवसाय दर्ता प्रमाण पत्र सबैले देखिने गरी राख्न लगाउने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner